नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मिति: २०८०/०९/०४ गते।

## प्रेस विज्ञप्ती- १९

## "कर्तब्यज्यान मुद्दाका फरार प्रतिवादी सहित तीन जना पक्राउ"

मिति २०७१/०१/२८ गते करिब ११:३० बजे जिल्ला सिन्धुपाल्चोक ठूलोपाखर गा. वि. स. वडा नं २ बस्ने बर्ष ४३ की काली माया लामालाई काले वाङगेल भन्ने निमा लामा समेतका ब्यक्तिहरूले कुटपिट गरी पटुकाले घाटी कसी कर्तब्य गरी मारी मृतकलाई चिलाउनेको रूखमा झुण्डयाएको कर्तब्यज्यान मुद्दामा सम्मानित सिन्धुपाल्चोक जिल्ला अदालतको मिति २०७१/१२/१७ गतेको फैसलाले प्रतिवादी काले वाङ्गेल भन्ने निमा लामालाई २० बर्ष कैद सजाय हुने ठहर भएकोमा उक्त सजाय कार्यान्वयनको क्रममा कारागार कार्यालय सिन्धुपाल्चोकमा रहेका निज प्रतिवादी २०७२ साल बैसाख १२ गतेको भूकम्प पछी भत्कीएको कारागारबाट भागी, अन्य थुनुवा-कैदीलाई भगाई फरार रहेका अवस्थामा निजलाई यस कार्यालयबाट खटीएको प्रहरी टोलिले मिति २०८०/०९/०३ गते कास्की जिल्लाको विजयपुरबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको छ । सम्मानित सिन्धुपाल्चोक जिल्ला अदालतले थुनुवा कैदी भागे भगाएको मुद्दामा मिति २०७४/११/०९ मा फैसला गर्दै निज प्रतिवादी निमा लामालाई थप ९ बर्ष ६ महिना २० दिन कैद हुने समेत ठहर गरेको ब्यहोरा सूचित गरिन्छ।

साथै, फैसला कार्यान्वयनको लागि फरार प्रतिवादीहरू खोजतलास गर्ने क्रममा बैंकिङ कसूर मुद्दामा कैद तथा जरिवाना वेरुजू रही फरार रहेका थप दुई जनालाई मिति २०८०/०९/०३ गते पोखरा कास्कीबाट पक्राउ गरी मिति २०८०/०९/०४ गते सम्मानित काठमाडौं जिल्ला अदालतमा पेश गरेको व्यहोरा जानकारि गराइन्छ।

**पक्राउ प्रतिवादीहरू:-**

१) **नाम, थर र ठेगाना:-** साविक जिल्ला सिन्धुपाल्चोक ठूलोपाखर गा. वि. स. वडा नं ३ बस्ने बर्ष ४२ को काले वाङगेल भन्ने निमा लामा।
**मुद्दा:-** कर्तब्यज्यान र थुनुवा कैदी भागे भगाएको
**सजाय:-** २९ बर्ष ६ महिना २० दिन कैद।
**पक्राउ मिति:-** २०८०/०९/०३ गते।
**पक्राउ स्थान:-** विजयपुर, कास्की।



२) **नाम, थर र ठेगाना:-** जिल्ला पर्वत कुश्मा न.पा.वडा नं. १० स्थायी वतन भई हाल ऐ.ऐ. वडा नं.६ मा सुन व्यवसाय गरी बस्ने सरोज खाती।



**मुद्दा:-** बैंकिङ् कसूर

**सजाय:-** १० दिन कैद र रू २०,००,०००/- (बीस लाख रुपैंया मात्र) जरिवाना।

**पक्राउ मिति:-** २०८०/०९/०३ गते।

**पक्राउ स्थान:-** न्यूरोड, कास्की।

३) **नाम, थर र ठेगाना:-** जिल्ला स्याङ्जा आधिखोला गा.पा.वडा नं. ३ घर भई हाल जिल्ला काठमाडौ का.म.न.पा. वडा नं. ३ चक्रपथ स्थित SURYA CHANDRA JEWELEIERY CENTER संचालन गरी बस्ने बर्ष ६१ को भीम बहादुर विश्वकर्मा।



**मुद्दा:-** बैंकिङ् कसूर

**सजाय:-** २३ (तेइस) दिन कैद र रु. ८०,००,०००/- (असी लाख रुपैंया मात्र)

**पक्राउ मिति:-** २०८०/०९/०३ गते।

**पक्राउ स्थान:-** पामे पोखरा, कास्की।

**प्रहरी उपरीक्षक**

**(नबराज अधिकारी)**

**प्रवक्ता एवं सूचना अधिकारी**

**सम्पर्क नम्बर: ९८५१२९१३११**

**मिति २०८०/०९/०४ गते।**